Co-funded by the European Union

युवा YUWA

International IDEA

CURIeA

# “म नेता भएको भए”: राष्ट्रव्यापी घोषणापत्र लेखन प्रतियोगिता



के तपाईंले कहिल्यै “म नेता भएको भए भने यस्तो गर्दिन्थेँ” भन्नुभएको छ ? पक्कै छ। हामीमध्ये धेरैले भनेका छौँ। तर साँच्चै मौका पाएको खण्डमा के गर्दो हुँ भनेर कहिल्यै सोच्नुभएको छ ? हामी तपाईंलाई साँच्चैको मौका दिने हैसियतमा त छैनौँ, तर कल्पनामै सही, के गर्नुहुन्थ्यो होला ?

**आउनुस्, घोषणापत्रमार्फत् हामीलाई भन्नुस् र पुरस्कार जित्नुस् !**

| प्रथम पुरस्कार | द्वितीय पुरस्कार | तृतीय पुरस्कार |
|---|---|---|
| रु.३५,०००। | रु. २५,०००। | रु. २०,०००। |

**उत्कृष्ट १० घोषणापत्र पठाउनेलाई जनवरी २०२५ मा काठमाडौँमा हुने सम्मेलनमा भाग लिने र आफ्ना घोषणापत्र प्रस्तुत गर्ने अवसर हुनेछ।**

# घोषणापत्र नै किन ?

चुनावमा उठ्ने उम्मेद्वार तथा राजनीतिक दलहरूले विकास र परिवर्तनसम्बन्धी आफ्ना सोच, दृष्टिकोण र सपनालाई मतदातासमक्ष लाने प्रभावकारी औजार हो घोषणापत्र। हामीभित्रको “म नेता भएको भए...” लाई प्रस्फुटन गर्ने एक उपयुक्त माध्यम घोषणापत्र हुनसक्छ। हाम्रो उद्देश्य घोषणापत्र लेख्ने प्रक्रियामार्फत् तपाईंलाई यस्तो एउटा यात्रामा लानु हो जहाँ तपाईंले आफूलाई समस्याको पाटोको रूपमा नभई समाधानको कडीको रूपमा हेर्नुहुनेछ। घोषणापत्रबारे थप जान्न यहाँ क्लिक गर्नुहोस्।

# कुन पदका लागि घोषणापत्र लेख्ने ?

यस प्रतियोगिताको लागि तपाईं आफ्नो स्थानीय सरकारको प्रमुखको पदमा उठ्दै हुनुहुन्छ। तपाईंको पालिका नगरपालिका भए मेयर, गाँउपालिका भए अध्यक्ष। यदि जन्मस्थान एउटा र बसोबास अर्को ठाउँमा गरिरहनुभएको छ भने तपाईंले छान्न पाउनुहुन्छ। किन छान्दै हुनुहुन्छ भन्ने कुरा घोषणापत्रको सुरूमै खुलाउनुहोला।

# घोषणापत्र कस्तो हुने ? कुन ढाँचामा लेख्ने ?

## खण्ड १: तपाईँ को हो ? हामीलाई आफू चिनाउनुहोस् ।

**तपाईँ को हो भन्ने कुराले तपाईँले कस्तो विकासको परिकल्पना गर्नुहुन्छ भन्ने कुरा पनि भन्छ ।** हामीलाई तपाईँको पारिवारिक, आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक, शैक्षिक आदि पृष्ठभूमि छोटोमा बताउनुहोस् । यो घोषणापत्र प्रतियोगितामा सहभागी हुन केले प्रेरित गर्‍यो ? तपाईँ कस्तो समाजमा विश्वास गर्नुहुन्छ ? हामीलाई आफू चिन्ने र बुझ्ने मौका दिनुहोस् । **यो खण्डलाई दुई सय शब्दमा नबढाई लेख्नुहोला ।**

## खण्ड २: हामीलाई तपाईँको पालिका चिनाउनुहोस् ।

**एकैचोटी घोषणापत्र लेख्न नबस्नुहोस् । पहिले बुझ्नुहोस्** – तपाईँको पालिकाका खासखास विशेषता के हुन् ? देशका अन्य पालिका हेरी तपाईँको पालिका कसरी फरक छ ? समस्या केकस्ता छन् ? आवश्यकता के हुन् ? के सबैखाले नागरिकका समस्या र आवश्यकता एकै छन् वा फरकफरक छन् ? नागरिकले सरकारबाट कस्तोखाले अपेक्षा राख्दछन् ? केही खास नागरिकहरूलाई पालिकाले खास ध्यान पुर्‍याउनुपर्ने पो छ कि ? सामाजिक तथा आर्थिक हिसाबले तपाईँको पालिका कस्तो देखिन्छ ? पालिकाको आफ्नै स्रोतसाधन तथा सम्पदाको स्थिति कस्तो छ ? **यो खण्डलाई तीनदेखि पाँच सय शब्दसम्ममा सकाउनुहोला । याद राख्नुहोस्, हामीलाई राम्ररी चिनाउनको लागि पहिला तपाईँले नै आफ्नो पालिका राम्ररी चिनेको हुनुपर्छ ।**

## खण्ड ३: अब हामीलाई पालिकाको सम्बन्धमा तपाईंको सोच, विकासको परिकल्पना र त्यो परिकल्पनालाई साकार पार्न मद्दत गर्ने योजनाहरूबारे भन्नुहोस् ।

**अब आफ्नो पालिकाको विकास र परिवर्तनको खाका कोर्न थाल्नुहोस् ।** यहाँनेर तपाईंसँग यति स्रोत (बजेट) छ भनेर हामी तोक्दैनौँ तर वास्तविक जीवनमा उपलब्ध स्रोतसाधन सीमित हुन्छ भन्ने हेक्का राखेर मात्र कार्यक्रमहरू बनाउनुहोला । नत्र तपाईँका सपनाहरू सतही हुनेछन् । जति नै राम्रो भएपनि सतही छ भने कार्यक्रमले परिणाम दिँदैन र संभवत प्रतियोगिता जित्दैन पनि । **यो खण्ड सबैभन्दा लामो खण्ड हो । यसलाई तपाईँले पाँचदेखि आठ सय शब्दसम्ममा बिट मार्नुपर्ने हुन्छ ।** नेपालको संघीय व्यवस्थाअनुसार स्थानीय सरकारका अधिकार केकति छन् भन्नेमा प्रष्ट हुनुहोस् । आफूलाई थाहा नभए इन्टरनेटमार्फत् खोज्नुहोस् । अथवा आफ्नो घरपरिवारका सदस्य, शिक्षक, साथीभाइ वा आफ्नो स्थानीय सरकारका जनप्रतिनिधिसँगै पनि सोध्न सक्नुहुन्छ ।

## अब तपाईंको घोषणापत्र तयार भयो । यसलाई पटकपटक पढ्नुहोस् र सम्पादन गर्नुहोस् ।

घोषणापत्रलाई एकै बसाँइमा लेखेर पठाइहाल्न हतारो नगर्नुहोस् । यसलाई पटकपटक पढ्नुहोस्, सक्नुहुन्छ भने आफ्ना शुभचिन्तकलाई देखाएर प्रतिक्रिया माग्नुहोस् र आवश्यक सम्पादन गर्नुहोस् । तपाईँको पालिकाका

नागरिकले बुझ्ने सरल र सहज भाषामा लेख्न प्रयास गर्नुहोस् । हाम्रा निर्णायक मण्डलका सदस्यहरूले तपाईँका घोषणापत्र विज्ञ भएर होइन, मतदाता भएर पढ्नुहुनेछ । **तपाईँको घोषणापत्र जम्मा एक हजारदेखि पन्ध्र सय शब्दभित्रको हुनुपर्नेछ ।** लामो हुँदैमा राम्रो हुन्छ नै भन्ने छैन भन्ने कुरा नबिर्सनुहोला ।

# घोषणापत्रसम्बन्धी महत्त्वपूर्ण जानकारी

## कुन भाषामा लेख्ने ?

तपाईँ आफ्नो घोषणापत्र आफूलाई सबैभन्दा सहज लाग्ने भाषा (नेपाली, अङ्ग्रेजी वा तपाईँको मातृभाषा) मा पठाउन सक्नुहुन्छ ।

## कति लामो लेख्ने ?

सबै खण्ड जोडेर तपाईँको घोषणापत्र एक हजारदेखि पन्ध्र सय शब्दसम्ममा अटाउनुपर्नेछ ।

## घोषणापत्र कहिलेसम्ममा पठाइसक्नुपर्ने ?

तपाईँको घोषणापत्र हामीकहाँ २०२४ नोभेम्बर ३० (२०८१ साल मङ्सिर १५ गते) भित्र आइसक्नुपर्नेछ । हुलाकबाट पठाउँदै हुनुहुन्छ भने काठमाडौँसम्म आइपुग्न लाग्ने समय पनि विचार गरेर अलि सबेरै पठाउनुहोला ।

## एकपटकभन्दा बढी पटक पठाउन पाइन्छ ?

यदि तपाईँले हामीलाई घोषणापत्र पठाइसक्नुभएको छ र फेरि पठाउन चाहनुहुन्छ भने पनि नहिचकिचाउनुहोला । हामी तपाईँबाट प्राप्त भएको अन्तिम घोषणापत्रलाई निर्णायक समक्ष पेश गर्नेछौँ ।

## के जोसुकैले पनि प्रतियोगितामा भाग लिन पाउँछ ?

पाउँदैन । यो प्रतियोगिता २१ देखि २६ वर्ष उमेर समूहका युवाहरूको लागि हो । प्रतियोगितामा सहभागिता जनाउनका लागि घोषणापत्र बुझाउने अन्तिम म्यादसम्ममा तपाईँ २१ वर्ष पुगेको र २६ वर्ष ननाघेको हुनुपर्छ । हामीलाई घोषणापत्र पठाउँदा तपाईँको नागरिकताको प्रतिलिपि पनि समावेश गर्नुपर्नेछ ।

## प्रतियोगितासम्बन्धी थप प्रश्न भएमा कहाँ सम्पर्क गर्ने ?

यस प्रतियोगितासम्बन्धी कुनै प्रश्न भएमा info@yuwanepal.org मा इमेल वा 9865367524 मा फोन गर्नुहोला ।

## घोषणापत्र कसरी पठाउने ?

हामीलाई pdf फाइल application@yuwanepal.orgमा पठाउनुहोस् । विषय लेख्ने ठाउँमा घोषणापत्र लेखन प्रतियोगिता वा Manifesto Writing Competition लेख्न नभुल्नुहोला ।

# तपाईँको घोषणापत्र पढ्न हामी आतुर छौँ ।